नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

# जल तथा मौसम विज्ञान विभाग

बबरमहल, काठमाण्डौं

प. सं.

च. नं.

## प्रेस विज्ञप्ति

बंगालको खाडीबाट विकसित भएको न्यून चापीय प्रणालीको कारणले २०८२ असोज १७ गते साँझबाट १९ गते बिहानसम्म मनसुन सक्रिय भई मधेश र बागमती प्रदेशका अधिकांश वर्षामापन केन्द्रहरूमा भारी देखि अति भारी वर्षा तथा कोशी प्रदेशका अधिकांश वर्षामापन केन्द्रहरूमा मध्यम देखि अति भारी वर्षा मापन भएको छ। उल्लेखित अवधिभरको २४ घण्टे (२०८२/०६/१८ गते बिहान ०४:३० बजे देखि २०८२/०६/१९ गते बिहान ०४:३० बजे) अधिकतम वर्षा महेशपुर, रौतहटमा ३५८ मी.मी. मापन भएको छ।

असोज १९ गते बिहान ०८:४५ बजे २९५ वटा वर्षा मापन केन्द्रहरू (मानव सञ्चालितः ७९ र स्वचालितः २१६) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार १८६ वटा केन्द्रहरुमा वर्षा भएको छ। जसमध्ये १०५ वटा केन्द्रहरुमा ५० मी.मी. भन्दा बढी, ६८ वटा केन्द्रहरुमा १०० मी.मी. भन्दा बढी, २१ वटा केन्द्रहरुमा २०० मी.मी. भन्दा बढी र ५ वटा केन्द्रहरुमा ३०० मी.मी. भन्दा बढी वर्षा मापन भएको छ। ३०० मी.मी. भन्दा बढी वर्षा मापन भएका केन्द्रहरुमा इलाम जिल्लाको हिमाली गाउँ केन्द्र (३३२.६ मी.मी.) र कन्याम टि स्टेट केन्द्र (३१४.२ मी.मी.), पर्सा जिल्लाको मुडली केन्द्र (३२८.६ मी.मी.), रौतहट जिल्लाको महेशपुर केन्द्र (३२८.० मी.मी.) र गौर केन्द्र (३१५.० मी.मी.) रहेका छन् ।

अविरल वर्षाका कारण मिति २०८२ असोज १८ अपरान्हबाट उल्लेखित प्रदेश अन्तर्गतका बागमती, त्रिशुली, पूर्वी राप्ती, लालबकैया, कमला लगायतका नदीहरूमा जलसतहले सतर्कता तह पार गरेको र हाल घट्दो क्रममा रहेको अवस्था छ। आज मिति २०८२ असोज १९ गते, सप्तकोशी नदीले खतरा तह पार गरेको छ र यसका सहायक नदिहरू मुख्यतया तमोर, सुनकोशी र अरुण नदीहरूमा समेत खतरा तह पार भई हाल घट्दो क्रममा रहेको छ। त्यसैगरि कन्काई, बुढीखोला, लोहन्द्रा, खेशलैया, विरिङ लगायतका चुरे महाभारत उद्गम भई बहने नदीहरूमा समेत खतरा तह पार भई हाल घट्दो क्रममा रहेको छ। कोशी नदी चतरा केन्द्रमा बहाव खतरा तहको नजिक रही हाल स्थिर अवस्थामा रहेको हुँदा उल्लेखित नदी तटियक्षेत्र तथा डुवान भइरहने क्षेत्रमा असोज २० गते मध्यान्हसम्म सतर्कता अपनाइराख्न सरोकारवाला सम्पूर्णमा अनुरोध छ।

वर्षा गराउने न्यून चापीय मौसम प्रणाली नेपालबाट बहिरिएर मनसुन कमजोर भइ मौसममा सुधार आइसकेको

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
# जल तथा मौसम विज्ञान विभाग
बबरमहल, काठमाण्डौं

भएतापनि मनसुन बहिर्गमन भइनसकेको हालको अवस्थामा यस विभागले मौसम र बाढीको सम्भावित अवस्थाको नियमित अनुगमन गरिरहेको छ। तसर्थ, यस विभागवाट वेभसाइट, सामाजिक सञ्जाल, टोल फ्रि सेवा (११५५) तथा SMS लगायतका माध्यमबाट सम्प्रेषण गरिने अद्यावधिक पूर्वसूचना प्राप्त गरी आवश्यक सतर्कता अपनाउन हुन सबैमा अनुरोध छ।

**मितिः २०८२/०६/१९, १४:०० बजे**

प्रवक्ता

विभूति पोखरेल